नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

# प्रेस विज्ञप्ति

आ.व. २०७७/७८ को बजेट वक्तव्यको बुँदा नं. ३३३ मार्फत वार्षिक रु २० लाखसम्म कारोबार गर्ने साना करदाताले आय विवरण र कर मोबाइल एप्स लगायत अन्य विद्युतीय माध्यमबाट बुझाउन सक्ने र बैंकमार्फत कर भुक्तानी गर्दा आय विवरण समेत बुझाउन सक्ने व्यवस्था मिलाइने नीति घोषणा भएको छ । उक्त नीति कार्यान्वयन गर्ने सम्बन्धमा राजस्व व्यवस्थापन सूचना प्रणाली अन्तर्गत नयाँ सफ्टवेयर निर्माण भई महालेखा नियन्त्रक कार्यालय, नेपाल राष्ट्र बैंक, राजस्व असुल गर्ने बैंकसँग छलफल तथा समन्वय गरी आर्थिक वर्ष २०७७/७८ को श्रावण १ गतेदेखि लागू गरिएको छ ।

नेपालको स्रोत भएको वार्षिक २० लाख रुपैयाँसम्म कारोबार र २ लाख रुपैयाँसम्म आय भएका साना करदाताले आयकर ऐन, २०५८ को दफा ४ को उपदफा (४) को व्यवस्था छनौट गरी ऐनको अनुसूची १ को दफा १ को उपदफा (७) बमोजिम महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकामा व्यवसाय गर्ने प्राकृतिक व्यक्तिको लागि तोकिएको आयकर बैंकमार्फत दाखिला गर्दा आय विवरण समेत पेश गर्न सक्ने गरी नयाँ प्रणालीको विकास गरिएको छ ।

नयाँ प्रणालीमा निम्न विशेषताहरु रहेका छन्:

- आयकर ऐन, २०५८ को दफा ७७ बमोजिम यस्ता साना करदाताहरुको लागि नयाँ **आय विवरण तथा कर दाखिला फाराम** (डे ०१ आय विवरण फाराम) तोकिएको छ । यो फाराममा करदाताले आफ्नो स्थायी लेखा नम्बर, आय वर्ष, कारोबार रकम र कट्टी हुने रकम, करदाता वा निजको प्रतिनिधिको पूरा नाम. दस्तखत. र मोबाइल नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुपर्दछ । अन्य सूचना जस्तैः आय रकम, लाग्ने कर रकम र म्याद गुजारी आय विवरण र कर दाखिला गर्दा आयकर ऐन, २०५८ को दफा ११७ बमोजिम लाग्ने शुल्क तथा दफा ११९ बमोजिम लाग्ने ब्याज रकम एकीकृत कर प्रणालीबाट स्वतः गणना हुंने हुंदा करदाता तथा बैंकका कर्मचारीहरुलाई कर दाखिला र संकलन गर्न सहज हुनेछ र त्रुटि हुने सम्भावना समेत न्युन हुनेछ।

- हाल प्रत्येक आय वर्षको छुट्टाछुट्टै आय विवरण र कर दाखिला गर्ने प्रणाली रहेकोमा अबदेखि करदाताले एकै पटकमा एक भन्दा बढी आय वर्षको आय विवरण र कर दाखिला गर्न सक्ने गरी प्रणालीमा सुधार गरिएको छ । करदाताले आय विवरण र कर भुक्तानी गर्न बाँकी रहेका आय वर्षको विवरण प्रणालीले देखाउने र सो बमोजिम एउटा फाराममा प्रत्येक आय वर्षको कारोबार रकम र कट्टी हुने रकम उल्लेख गरी पेश गरेमा एकै पटकमा सबै आय वर्षको आय विवरण र कर भुक्तानी गर्न सकिने भएको हुंदा करदाता तथा बैंकका कर्मचारीहरुलाई सहज हुनेछ ।

- हाल आय विवरण पेश गर्न आफू दर्ता रहेको आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा गएर वा सो कार्यालयलाई छनौट गरी विद्युतीय माध्यमबाट आय विवरण र भौचर तयार गरी कर दाखिला गर्ने व्यवस्था रहेको छ । तर अबदेखि आफू दर्ता रहेको आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयको राजस्व संकलन गर्ने अधिकार प्राप्त बैंकको जुनसुकै शाखामा गई यस्तो फाराम भरी आय विवरण तथा कर दाखिला गर्न सकिनेछ।यसले गर्दा करदाताले आफूलाई पायक पर्ने नजिकको बैंक शाखामा गई आय विवरण र कर भुक्तानी गर्न सक्नेछन । यसरी दाखिला भएको आय विवरण र कर रकम सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयको अभिलेखमा जनिने व्यवस्था गरिएको छ ।

कुनै करदाताले विभागको एकीकृत कर प्रणालीमा रहेको Taxpayer Portal मा गई विद्युतीय माध्यमबाट आय विवरण तथा कर दाखिला भौचर तयार गरी सम्बन्धित बैंकमा गई कर भुक्तानी गर्ने वा Connet IPS मार्फत विद्युतीय माध्यमबाट कर दाखिला गर्ने हालको प्रणालीलाई समेत साना करदाताहरुलाई सहज हुने गरी छरितो र करदातामैत्री बनाइएको छ ।

करदाताले सोझै विभागको एकीकृत कर प्रणालीमा विद्युतीय माध्यमबाट कर चुक्ता प्रमाणपत्र माँग गर्न सक्ने र प्रणालीले स्वतः आय विवरण र कर बक्यौता भए नभएको सुनिश्चित गरी बक्यौता नभएको अवस्थामा स्वतः कर चुक्ता प्रमाणपत्र जारी हुने व्यवस्था रहेको छ ।

चालु वर्ष २०७६।७७ मा साना करदाताहरुबाट करिब ४ लाख ११ हजार आय विवरण प्राप्त भएको छ । चालु वर्षमा प्राप्त कुल ६ लाख ९० हजार आय विवरण मध्ये यस्तो आय विवरण पेश गर्ने करदाताको संख्या करिब ६० प्रतिशत रहेको छ भने कुल आयकर असुलीमा यसको योगदान करिब १ प्रतिशत रहेको छ ।साना करदाताहरुको लागि आय विवरण र कर भुक्तानी गर्ने उपर्युक्त चार किसिमका विकल्प हुनेछन् ।यो प्रणालीगत सुधारले साना करदाताको कर सहभागिता लागत उल्लेखनीय रुपले न्युन हुनेछ ।साथै करदाताले छरितो सेवा प्राप्त गर्ने, कर प्रशासनको कार्यबोझ न्युन हुने, र विद्युतीय भुक्तानी र बैंकिंग प्रणालीमा समेत सहज हुने अपेक्षा गरिएको छ ।

वार्षिक बीस लाख रुपैयाँसम्मको कारोबार वा दुई लाखसम्म आय भई आयकर ऐन, २०५८ को दफा ४ को उपदफा (४) बमोजिम महानगरपालिका, उपमहानगरपालिकामा व्यवसाय गर्ने प्राकृतिक व्यक्तिले वार्षिक रु ७,५००/-, नगरपालिकामा व्यवसाय गर्ने प्राकृतिक व्यक्तिले ४,०००/- र गाउँपालिकामा व्यवसाय गर्ने प्राकृतिक व्यक्तिको २,५००/- कर भुक्तानी गर्नुपर्ने कानूनमा व्यवस्था रहेको छ । तर **कोभिड-१९ को संक्रमणबाट प्रभावित यस्ता** करदातालाई आय वर्ष २०७६/७७ मा लाग्ने करमा पचहत्तर प्रतिशत छुट सहुलियत प्रदान गरिएको छ ।सो वर्षको लागि महानगरपालिका र उपमहानगरपालिकामा व्यवसाय गर्ने प्राकृतिक व्यक्तिले रु ७,५००/- को सट्टा रु १,८७५/-, नगरपालिकामा व्यवसाय गर्ने प्राकृतिक व्यक्तिले रु ४,०००/- को सट्टा रु १,०००/- र गाउँपालिकामा व्यवसाय गर्ने प्राकृतिक व्यक्तिको रु २,५००/- को सट्टा रु ६२५/- मात्र कर भुक्तानी गर्नुपर्नेछ ।

मितिः २०७७ श्रावण १ गते, बिहीवार।
लाजिम्पाट, काठमाडौं ।